# इच्छाकामना गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

कुरीनटार, चितवन

बागमती प्रदेश

पत्र सँख्याः-२०७७/०७८ चलानी नं. मिति २०७७/०५/१

**शुभकामना**

आदर्णीय इच्छाकामना गाउँपालिकावासी महानुभावहरु,

नेपाली महिलाहरुको महान पर्व हरितालिका (तीज) को सुखद् अवसरमा यस इच्छाकामना गाउँपालिका बासी सम्पूर्ण दिदीबहिनीहरुको सुख , शान्ति , आपसी एकता , पारिवारिक सद्भाव र स्वास्थको हार्दिक शुभकामना ब्यक्त गर्दछु । साँस्कृतिक सहिष्णुता र सामाजिक एकताको प्रतिकको रूपमा रहेको यस पर्वमा नेपाली महिलाहरुले आफ्नो सौभाग्य परिवारजनको समृद्धिका लागि पूजा आरधाना र पारिवारिक भेटघाट गर्ने तथा दर खाने प्रचलन रहेको छ । नेपाली मौलिक साँस्कृतिक पर्वले नेपालीहरुलाई एकताको सुत्रमा आबद्ध गर्दै सामाजिक सदभाव कायम गर्नको साथै एकआपसमा खुसी सटासट र मनोरञ्जन गर्ने अवसर समेत प्रदान गर्दै आएको छ । कोरोना कोभिड-१९ महामारी विश्वब्यापी रुपमा झनझन बृद्धि हुने क्रममा रहेको छ । यस गाउँपालिका क्षेत्रमा पनि संक्रमण दर बढ्न सक्ने सन्दर्भमा सामुहिक खानपिनको कार्यक्रम आयोजना नगर्न ,नित्य कर्म बाहेक धार्मिक क्षेत्रमा भीडभाड नगर्नहुन अपिल गर्दछु । अहिले मानवीय स्वास्थ्यको सवाल महत्वपूर्ण छ । महामारीबाट जोगाउन सकिय मात्रै पछि आउने चाडवाडहरु मनाउन पाइन्छ । यही यथार्थलाई हृदयगम गर्दै आ-आफ्नै घरमा बसेर , मास्क, स्यानिटाइजर प्रयोग र भौतिक दुरी कायम गरी सुरक्षित रुपमा यस पटकको तीज पर्ब मनाउनहुन बिनम्र अनुरोध गर्दछु । फेरी एकपल्ट यहाँहरु सवैको सुस्वास्थ्यको कामनासहित हरितालिका (तीज) को हार्दिक मंगलमय शुभकामना ब्यक्त गर्दछु ।

धन्यवाद ।

मिति :-२०७७/०५/०२

गिता कुमारी गुरुङ
गाउँपालिका अध्यक्ष

गाउँपालिको
अध्यक्ष